

## काठमाण्डौ उपत्यका अन्तर्गत पहिचान नखुलेका वेबारिसे लासहरुको विवरण :-

| जिल्ला | विवरण | फोटो |
|---|---|---|
| **भक्तपुर** | मिति २०८०।०३।२० गते बिहान अं.०७:३० बजेको समयमा जि.भक्तपुर न.पा.वडा नं.२ ब्यासी स्थित टुमुरचा पुल नजिकै सडक खण्डको किनारमा नामथर वतन नखुलेको अं.४०/४५ वर्षको, उचाई ५ फिट, दाहिने हातमा ६ वटा औला भएको, खैरो NR लेखेको टिसर्ट, भिजेको कालो जिन्स पाईन्ट र रातो Superme लेखेको ट्रयाक लगाएको **पुरुष** व्यक्ति मृत अवस्थामा फेला हाल भरतपुर अस्पतालको शव गृहमा राखिएको। |  |
| **भक्तपुर** | मिति २०८०।०२।१६ गते बिरामी अवस्थामा जि.भक्तपुर चाँगुनारायण नं.पा.वडा नं.०३ गेलालगाँउ स्थित रहेको मानव कल्याण समाजले उद्धार गरी ल्याई आश्रय दिई राखेकोमा अं.३५ वर्षको,वर्ण गहुँगोरो, मोटो फुलेको शरिर, हरियो रातो सेतो पहेलो फिलबुट्टे म्याक्सी लगाएकी, मिति २०८०।०२।१८ गते बिहान अं.०७:०० बजेको समयमा निज बस्ने गरेको बिस्तारामा **महिला** मृत्यु भएको अवस्थामा फेला हाल काठमाण्डौ मेडिकल कलेज दुवाकोटको शव गृहमा राखिएको। |  |
| **भक्तपुर** | मिति २०८०।०२।१५ गते विहान ०४:०० बजेको समयमा जि.भक्तपुर चागुनारायण न.पा.वडा नं.०३ भकुण्डेबेशी काभ्रेपलान्चोकमा बेवारिसे अवस्थामा फेला पारी झैखेल स्थित रहेको मानव कल्याण आश्रममा राख्न पठाईएको नामथर वतन नखुलेको अं. ७० वर्षको, माथि सेतो टिसर्ट, खरानी रङको सुरुवाल लगाएको, **पुरुष** व्यक्ति मृत्यु भएको हाल काठमाण्डौ मेडिकल कलेज दुवाकोटको शव गृहमा राखिएको। |  |
| **ललितपुर** | मिति २०८०।०२।०९ गते बिहान अं.०७:४५ बजेको समयमा ललितपुर म.न.पा.वडा नं.०७ ग्वार्को चोक वाट वालकुमारी तर्फ जानेरिङरोड सडक खण्डको वस स्टप प्रतिक्षालयमा अं.४०/४५ वर्षको,उचाई ५.३ फिट, कालो हाफ पाईन्ट, ट्राउजर, दाह्री,जुँगा पालेको र वर्ण गहुँगोरो भएको **पुरुष** व्यक्तिको लाश फेला हाल ललितपुर पाटन अस्पतालमा राखिएको। |  |
| **ललितपुर** | मिति २०७९।११।२१ गते विहान अं.०८:०० बजेको समयमा जि.ललितपुर कोञ्ज्योसोम गा.पा.वडा नं.४ तल्लो नल्लु स्थित नल्लु खोलामा बगिरहेको ढुङगामा अड्किएको अवस्थामा नामथर वतन नखुलेको, उचाई ५.६ फिट, शरिरको माथिल्लो भागमा कपडा नभएको, तल्लो भागमा कालो रङगको ट्रयाक लगाएको अं.वर्ष ३६/३८ को **पुरुष** व्यक्तिको लाश फेला। |  |
| **भक्तपुर** | मिति २०७९।१०।२२ गते अं.०७:०० बजेको समयमा जि.चाँगुनारायाण न.पा.वडा नं.०३ झौखे स्थति मानव सेवा समाजको घरमा ल्याई राखी उपचार गराई सेवा गर्दै आई रहेको र उपचारको क्रममा मृत्यू भएको नाम सरु मोक्तान, जि.ललितपुर नख्खु घर बताउने र अं.वर्ष ५२ की उचाई ४.१९ फिट, रातो कुर्ता, कालो सुरुवाल र बाँया तिघ्रा माथि पुरानो घाँउको खत भएकी **महिला** को लाश हाल भक्तपुर असपतालको शव गृहमा राखिएको। |  |
| **काठमाण्डौ** | मिति २०७९।०९।२० गते अं.१२:३० बजेको समयमा जि.काठमाण्डौ चन्द्रागिरी न.पा. वडा नं. २ नागढुङगा चिसापानी धारा नजिक खालि चौरमा नामथर,वतन नखुलेको उचाई ५.३ फिट,वर्ण गहुँगोरो,मंगोलियन अनुहार,खरानी रंको पाइन्ट र सेतो धर्के कालो ट्रयाक लगाएको वर्ष अं.४०/४५ को **पुरुष** व्यक्तिको लास फेला। |  |

| | | |
|---|---|---|
| **काठमाण्डौ** | मिति २०७९।०६।३० गते अं.०८:०० बजेको समयमा काठमाण्डौ जि.गक्षिणकाली न.पा.वडा नं.२ ग्वाल्दह स्थित पोखरीमा घोप्टो अवस्थाम एकिन नामथर वतन नखुलेको वर्ष अं.३०।३५ को उचाई ५.५ फिट, पहाडी मुलुकको जस्तो देखिने, लामो कपाल चुल्ठो बाधेको,हल्का खैरो दाह्री जुँगा भएको, शरिरको माथीको भागमा Thali Multi CuixineRestararantलेखिएको रातो टि-सर्ट, कलेजि ट्र्याक लगाएको, घाटीमा कालो डोरी बाधेको, दाहिने कानमा मुद्रा लगाएको **पुरुष** व्यक्तिको लाश हाल त्रि.वि.शिक्षण अस्पताल महाराजगञ्ज काठमाण्डौमा राखिएको । |  |
| **ललितपुर** | मिति २०७९।०६।१४ गते अं.०७.१५ बजरको समयमा ललितपुर जि.बागमती गा.पा.वडा नं.१ घुसेल स्थित गौंथलीभिरमा एकिन नामथर वतन नखुलेको, वर्ष ३२/३३ को,उचाई ५.६ फिट, अर्धनग्गा रहेको, शरीरको माथिल्लो भागमा पहेलो रंगको हाफ भेष्ट, तल्लो भागमा कालो रंगको बुट्टे कट्टु लगाएको **पुरुष** व्यक्तिको लाश फेला हाल पाटन अस्पतालमा राखिएको । |  |
| **ललितपुर** | मिति २०७९।०५।१० गते जि.ललितपुर ल.पु.म.न.पा. वडा नं १६ स्थित नारायण मन्दिरमा बिगतमा सोही ठाँउमा मागी खाई हिड्ने, माथि कालो हाफ टिसर्ट लगाएको, तलको भागमा कालो कपडाको पाईन्ट लगाएको, हातको हत्केलाको माथि भागमा Nepal लेखिएको ट्याटु हानेको, नारायण मन्दिरमा मागी खाँदा घर सिन्धुपाल्चोक बताउने **पुरुष** व्यक्तिको लाश । |  |
| **ललितपुर** | मिति २०७९।०३।१९ गते अन्दाजी १६:४५ बजेको समयमा जि.ललितपुर बागमती गा.पा.वडा नं.१ घुसे स्थित बागमती खोलाको बगरमा यकिन नामथर, वतन नखुलेको वर्षको ३५/४० को उचाई ५.५ फिट, दाहिने खुट्टामा Rocky Sports लेखिएको सेतोमा गुलाबी रंग मिसिएको जुत्ता र सेही जुत्तामा बेरिएको अवस्थामा जिन्स पाईन्टको टुक्रा कपडा रहेको र मृत लाश सडिगल्न सुरु भई औंशा किरा परेको **पुरुष** व्यक्तिको लाश, हाल पाटन अस्पतालमा पठाईएको । |  |
| **काठमाण्डौ** | मिति २०७९।०२।०१ गते अन्दाजी १६:०० बजेको समयमा जि. काठमाण्डौ म. न. पा. वडा नं. २५ न्यौखामा मनोज कृष्ण श्रेष्ठको पाँच तले घरको चौंथो तलामा डेरा कोठा गरी बस्ने नामथर, नखुलेको धनुषा जिल्ला घर बताउने अं. वर्ष २७ कि, वर्ण गोरी, मझौला शरिर, उचाई ५.१ फिट भएकी सबिना बानु नाम गरेकी सोही घरको पाँचौ तलाको बार्दलीबाट हाम फाली घाईते भई तत्काल उपचारका लागी काठमाण्डौ म. न. पा. वडा नं. २२ स्थित रहेको राष्ट्रिय ट्रमा सेन्टरमा ल्याई उपचारको क्रममा ऐ. मितिको १८:५५ बजेको समयमा मृत्यु भएकी **महिला**को शव परिक्षणको लागी त्रि. बि. शिक्षण अस्पताल महाराजगन्ज काठमाण्डौमा पठाईएको । |  |
| **भक्तपुर** | मिति २०७९।०१।२३ गते बिहान अन्दाजी ०७:१० बजेको समयमा जि. भक्तपुर मानव समाज कल्याण समाज झौखेलमा बस्दै आएका नामथर, वतन नखुलेको अं. वर्ष ४५/४६ को, उचाई ५.४ फिट, कालो सेतो छोटो कपाल भएको, वाया खुट्टाको फिला माथी पुरानो घाउको खत भएको, घ्यु कलरको स्वीटर, सेतो पेन्टी गन्जी र खरो रंगको ट्राउजर लगाएको मृत **पुरुष** व्यक्तिको लाश काठमाण्डौ मडिकल कलेज दुवाकोटको शव गृहमा राखिएको । |  |

| | | |
|---|---|---|
| **भक्तपुर** | मिति २०७८।१२।०२ गते अन्दाजी १७:१५ बजेको समयमा जि. भक्तपुर चागुनारायण न.पा. वडा नं.४ नयाँ खोरिया स्थितमा नामथर, वतन नखुलेको, अं. ३०/३५ वर्ष,उचाई ५.४ फिट,वर्ण गहुँगोरो भएको **पुरुष** व्यक्ती ८००००० (आठ लाख) रुपैया लुटपाट गरी भाग्ने क्रममा कुटपिट गरी गाईते बनाई उपचारको क्रममा २०७८।१२।०३ गते मृत्यु भई हाल मेमोरियल अस्पताल वुढानिलकण्ठ काठमाण्डौको शव गृहमा राखिएको। |  |
| **भक्तपुर** | मिति २०७८।१०।११ गते अ.१३.३० बजेको समयमा जि. भक्तपुर चागुनारायण न.पा. वडा नं. ९ ऐन डाँडा स्थित सामुदायिक वनमा नाम थर वतन नखुलेको उचाई ५.६ फिट, टाउकोमा नर्थफेर्स लेखेको उनिको टोपी,रातो सेतो ज्याकेट,खैरो रङको पाइन्टगुराँसको रुखमा सुत्लीको डोरीको पासो घाँटिमा बाधी झुण्डी मृतक अबस्थामा अं. वर्ष ५०/५५ को **पुरुष**ब्यक्तिको लाश फेला,पुरुषको लाश भक्तपुर अस्पतालको शव गृहमा राखिएको। |  |
| **काठमाण्डौ** | मिति २०७८।०५।१६ गते अं. १८:०० बजेको समयमा जि.काठमाण्डौ का.म.न.पा. वडा नं १६ गुम्बा स्थितमा एकिन नाम थर वतन नखुलेको अं. वर्ष ३५/४० को पुरुष मानिस गुम्बा परिसर भित्र रहेको सार्बजनिक शौचालयमा मृत फेला परेको **पुरुष**को लाश। वर्ण गहुगोरो, उचाई ५.२ ईन्च, हल्का दाही जुंगा भएको, तल्लो शरीरमा कालो पाईन्ट, कालो कट्टु लगाएको। |  |
| **काठमाण्डौ** | मिति २०७८।०५।१४ गते बिहान अं. ९:०० बजेको समयमा जि.काठमाण्डौ का.म.न.पा. वडा नं ७ चावहिल वुलवुले स्थित किरण महर्जनको टिनले छाएको टहरोमा एकिन नाम थर वतन नखुलेको राकेश महत्तो नाम बताउने अं. ४२/४३ वर्षको **पुरुष** व्यक्तिको लाश फेला परेको। |  |
| **काठमाण्डौ** | मिति २०७८।०५।१३ गते जि.का.का.म.न.पा. वडा नं १२ टेकु अम्बे कम्प्लेक्स अगाडी हाल सम्म नाम थर वतन नखुलेको वर्ण गहुगोरो, उचाई ५.२ फिट, मंगोलियन अनुहार भएको, मध्यम शरीर भएको **पुरुष**को लाश फेला परेको। |  |
| **काठमाण्डौ** | मिति २०७८।०५।११ गते जि.काठमाण्डौ बुढानिलकण्ठ न.पा. वडा नं ७ स्थित हाल सम्म नाम थर वतन नखुलेको वर्ण गहुगोरो, मझौला शरीर भएको, पातलो दाही र जुँगा भएको, अं. २७/२८ वर्षको **पुरुष** व्यक्तिको लाश। |  |
| **काठमाण्डौ** | मिति २०७८।०५।११ गते अं. १७:४५ बजेको समयमा जि.काठमाण्डौ कि.न.पा. वडा नं १० स्थित त्रिभुवन विश्वविध्यालयमा एकिन नाम थर वतन नखुलेको वर्ण गहुगोरो, मझौला शरीर भएको, सेतो सर्ट र कालो आसकोट लगाएको, तल कालो रङको सुरुवाल लगाएको, दाही फुलेको, मंगोलियन अनुहार भएको **पुरुष** व्यक्तिको लाश। |  |
| **काठमाण्डौ** | मिति २०७८।०५।०७ गते बिहान ०७:३० बजेको समयमा जि.काठमाण्डौ का.म.न.पा. वडा नं ३२ तिनकुने तरकारी बजार नजिकै बागमती करिडोर सडक किनारमा अं. २५/३० वर्षको, मझौला शरीर, लामो कपाल, कालो सेतोमा धर्के भएको ट्र्याकसुट र टिसर्ट लगाएको, तल खैरो कालो रङको कम्व्याड लगाएको, उचाई ५.४ फिट भएको **पुरुष** व्यक्तिको लाश। |  |

| | | |
|---|---|---|
| **काठमाण्डौ** | मिति २०७८।०५।०५ गते बिहानको अं. ०८:०० बजेको समयमा जि.काठमाण्डौ का.म.न.पा. वडा नं ८ पशुपति स्थित लामपोखरी सतलमा एकिन नाम थर वतन नखुलेको अं. ७०/७१ वर्षको **बृद्ध महिला** मृत अवस्थामा फेला परेको । |  |
| **ललितपुर** | मिति २०७८।०५।०५ गते बिहान अं. १०:३० बजेको समयमा जि.ललितपुर ल.पु.म.न.पा. वडा नं ५ महालक्ष्मी स्थान मन्दिरमा उचाई ५.६ फिट, कालो छोटो कपाल, दाह्री जुंगा पालेको, कालो रङको टिसर्ट र कालो रङको Underarmorलेखिएको ट्राउजर लगाएको, दाँया हातको नाडीको भागमा B+R र बाँया हातको नाडीमा सरीता लेखिएको ट्याटु खोपेको, स्थानिय घर नेपालगञ्ज र आफ्नो नाम बिक्रम कार्की बताउने वर्ष अं. ४५/५० को **पुरुष** व्यक्तिको लाश । |  |
| **ललितपुर** | मिति २०७८।०५।०४ गते दिउँसो अं. १२:३० बजेको समयमा जि.ललितपुर ल.पु.म.न.पा. वडा नं २२ वुङ्गमति विष्णुदेवी मन्दिर घाट मुनी बागमती खोलाको किनारमा उचाई ५.३ फिट, छोटो कपाल फुलेको, शरीरको माथिल्लो भागमा सेतो सेण्डो र तल भागमा निलो रङको पाईन्ट लगाएको, कालो वर्णको, एकिन नाम थर वतन नखुलेको **पुरुष** व्यक्तिको लाश फेला परेको । |  |
| **काठमाण्डौ** | मिति २०७८।०४।२५ गते जि.का.का.म.न.पा. वडा नं ३ बसुन्धारा चोकमा हाल सम्म पहिचान नखुलेको वर्ण गहुगोरो, उचाई ५.३ फिट, आर्यान अनुहार भएको, कपाल र दाह्री जुँगा फुलेको, अं. ५० वर्षको **पुरुष** व्यक्तिको लाश फेला परेको । |  |
| **काठमाण्डौ** | मिति २०७८।०४।२२ गते साँझ अं. १८:०० बजेको समयमा काठमाण्डौं जिल्ला का. म. न. पा. वडा नं. १६ माछापोखरी स्थित माछापोखरी सपिङ्ग सेन्टरको पछाडी प्यासेजमा नामथर, वतन नखुलेको अं. २५/२६ वर्षको देखिने, कालो कपाल, गहुँगोरो वर्ण, उचाई ५.२ फिट भएको, हेर्दा तराई मुलको जस्तो देखिने, Champion लेखिएको सेतो रंगको भेष्ट र निलो जिन्स पाईन्ट लगाएको मृत **पुरुष** व्यक्तिको लाश पो. मा. को लागि हाल त्रि. वि. वि. शिक्षण अस्पताल महाराजगंजको फोरेन्सिक मेडिसिन बिभागको शव गृहमा राखिएको । |  |
| **काठमाण्डौ** | मिति २०७८।०४।२१ गते बिहान अं. ०८:०० बजेको समयमा काठमाण्डौं जिल्ला का. म.न. पा. वडा नं. १६ माछापोखरी एरियामा मागी खाने, वतन नखुलेको अं. ५०/५५ वर्षको खड्क बहादुर क्षेत्री नाम गरेको,वर्ण गहुँगोरो, उचाई ५.४ फिट, मध्यम शरिर, हल्का दाह्री जुंगा पालेको, माथिल्लो शरिरमा कालो सेतो चेक सर्ट, ज्याकेट र कालो रंगको पाईन्ट लगाएको **पुरुष**व्यक्ति बिरामी अवस्थामा फेला परेको हुदा उपचारको लागी बिर अस्पताल पठाईएकोमा निज व्यक्तिको उपचारको क्रममा ऐ. बिहान १०:०० बजेको समयमा मृत्यु भएको पुरुषको लाशपरिक्षणको लागि त्रि. वि. वि. शिक्षण अस्पताल महाराजगंजको फोरेन्सिक मेडिसिन बिभागको शव गृहमा राखिएको । |  |
| **काठमाण्डौ** | मिति २०७८।०४।१८ गते अं. ११:०० बजेको समयमा जि.काठमाण्डौ चन्द्रागिरी न.पा. वडा नं ०९ मन्छेनारायण स्थित हाल सम्म पहिचान नखुलेको वर्ण गहुगोरो, उचाई ५.३ फिट, अं. ४०/४१ वर्षको मृत **पुरुष** व्यक्ति । |  |

| | | |
|---|---|---|
| **काठमाण्डौ** | मिति २०७८।०४।१५ गते बिहान अं. ०७:५० बजेको समयमा जि.काठमाण्डौ दक्षिणकाली नगरपालिला वडा नं ६ स्थित दक्षिणकाली मन्दिरमा घर दैलेख बताउने डमरु बाबा भन्ने देब बहादुर शाही वर्ष अं. ६५ को बृद्ध जोगी मानिस बाँया हातको हत्केलाको पछाडी ॐ को ट्याटु खोपेको दारी कपला फुलेको, शरीर सुकेको दुब्लो, उचाई ५ फिट को **पुरुष** व्यक्तिको लाश। |  |
| **ललितपुर** | मिति २०७८।०४।०५ गते अं. १४:३० बजेको समयमा जि.ललितपुर ल.पु.म.न.पा. वडा नं २३ धापाखेल स्थित हाल सम्म एकिन नाम थर वतन नखुलेको पुरुष व्यक्तिको लाश फेला परेको। हुलिया:- उचाई ५.६ फिट, वर्ण गहुगोरो, आफ्नो नाम रंग बिक्रम लामा बताउने **पुरुष**को लाश। |  |
| **काठमाण्डौ** | मिति २०७८।०४।०४ गते बिहान अं. ३:०० बजेको समयमा जि.काठमाण्डौ चन्द्रागिरी न.पा. वडा नं ११ सतुंगल स्थित हाल सम्म नाम थर वतन नखुलेको अं. २५/२६ वर्षको, कालो कपाल भएको, वर्ण गहुगोरो, उचाई ५.२ फिट, तराई मुलको जस्तो देखिने, Champion लेखिएको सेतो रङको भेष्ट र निलो जिन्स पाईन्ट लगाएको **पुरुष**को लाश। |  |
| **ललितपुर** | मिति २०७८।०३।३१ गते साँझ अं. १८:३० बजेको समयमा जि.ललितपुर ल.पु.म.न.पा. वडा नं १३ कुसुन्ती स्थित खरानी रङको हाफ टिसर्ट, निलो रङको जिन्स पाईन्ट लगाएको, अगाडी माथिको भागमा दाँत नभएको, सेतो र कालो रङको दाह्री भएको, एकिन नाम थर वतन नखुलेको **पुरुष** व्यक्तिको लाश फेला परेको। |  |